आज मिति २०८२ साल माघ १६ गते शुक्रबार बिहान ११ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको १०९ औ र आर्थिक वर्ष २०८२।०८३ को ९ औ बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

आ.व २०८२।०८३ को नवौं एवं समग्रमा १०९ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।१०।१६ का निर्णयहरु

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुंदिशिर, बागलुङ

निर्णय नं १.
प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बरेङ गाउँपालिकाको कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको गहन छलफल गर्दा अधिकांश निर्णहरु कार्यान्वयन भएको देखियो र अगामी दिनमा थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै जाने।

निर्णय नं २.

बरेङ गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धमा विवाद उत्पन्न भएको हुनाले उक्त विवाद समाधानका लागि सर्वदलीय बैठकद्वारा आवश्यक सहजीकरण गर्ने ।

निर्णय नं ३.

बरेङ गाउँपालिकामा उपभोक्ता समिति द्वारा सम्पन्न गर्नु पर्ने आयोजानहरुको कार्यान्वयनलाई सरल र व्यवस्थित बनाउने उद्देश्यले निर्माण गरिएको योजना पुस्तिकालाई आवश्यक परिमार्जन गर्ने।

निर्णय नं ४.

मिति २०८२ फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचन २०८२को निर्वाचन आचार संहिता लागु भईसकेको अवस्थामा निर्वाचन आचार संहिता-२०८२ पूर्ण रुपमा पालना गर्ने।

निर्णय नं ५.

प्रस्ताव न ५ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.न. ६७९, मिति २०८२।०९।२८ को पत्रानुसार स्थानीय सडक मर्मत संभार कार्यका लागि तपसिल बमोजिमको योजना छनौट गरी कार्यान्वयन गर्नुका साथै नियमानुसार साझेदारी गर्नुपर्ने रकम चालु आ.व मर्मत संभार कौष शीर्षकबाट व्ययभार गर्ने।

तपसिलः

| क्र.स | कार्यक्रम आयोजनाको नाम | विनियोजित रकम | | कैफियत |
|---|---|---|---|---|
| | | सडक बोर्ड | गाउँपालिका | |
| १. | बरेङ सुदला शान्तीपुर सडक मर्मत | ५००००० | १४७१८० | |

निर्णय नं ६.

बरेङ गाउँपालिका विभन्न शाखा वा मातहातका कार्यलयबाट आ.व २०८२/८३ सम्पादित कार्यहरुको समीक्षा गर्न अर्धवार्षिक समीक्षा कार्यक्रम मिति २०८२ माघ २१ गते बरेङ गाउँपालिकाको सभाहलमा गर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को नवौं एवं समग्रमा १०९ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।१०।१६ का निर्णयहरु

विविध

क) धुल्लुबाँसकोट स्वास्थ्यचौकीमा कार्यरत अ.न.मी श्री मोनिका रुचाललाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १२० मा भएको व्यवस्था अनुरुप मिति २०८२।११।०१ गते देखि हाजिर हुने गरी बेतलबी विदा रद्द गर्ने ।

ख) सहमति दिने सम्बन्धमा प्राविधिक शाखा बाट पेस भएका तपसील बमोजिमका आयोजनाहरुमा जग्गा विवादका कारणले ठेक्का प्रक्रियाबाट समपन्न गर्ने नसकिने हुनाले उपभोक्ता समितिलाई हेभी मेसिनरी प्रयोग गरी आयोजना समपन्न गर्न सहमति दिने।

| क.स | आयोजनाको नाम | वडा | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | बरेङ चिप्लेढुङ्गा मोटरबाटो | १ | ५००००० | |
| २. | बास्कोट खेल मैदान तथा सडक निर्माण | १ | ३००००० | |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष